## परिच्छेद-६

## सञ्चार, पोशाक, प्रोत्साहन भत्ता सम्वन्धी व्यवस्था

११. **स्थानीय तहका पदाधिकारीको सञ्चार ःतथा अन्य भत्ता ,पोशाक ,**स्थानीय तहका पदाधिकारीको संचार ,पोशाक , तथा अन्य भत्ता प्रदेश कानुनमा भए वमोजिम हुनेछ ।

१२ **पत्रपत्रिका तथा सञ्चार सुविधाः**

(१) कार्यालयले पदाधिकारी तथा कर्मचारीलाई स्रोतको उपलब्धता हेरी पत्रपत्रिका खरिद गरी उपलव्ध गराउन सक्नेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतलाई मासिक **दुई हजार पाँच सय** रुपैयाँमा नबढाई सञ्चार सुविधा वापतको रकम वा मोबाइल रिचार्जको सुविधा उपलब्ध गराइनेछ ।

(३) कार्यालयका विषयगत शाखा प्रमुख तथा अन्य कर्मचारीहरुलाई कामको प्रकृति र आवश्यकताको आधारमा मासिक अधिकतम एक हजार रुपैयासम्म प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा संचार सुविधा उपलब्ध गराउन सक्नेछ ।

(४) कार्यालयवाट उपलव्ध भएको सञ्चार खर्च कार्यालय प्रायोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।साथै विदा बसेको महिनामा सो सुविधा उपलब्ध गराउन सकिने छैन ।

**१३ प्रोत्साहन भत्ताः** कार्यालयको कामको चापका आधारमा कार्यालय समयभन्दा अघि वा पछि देहाय वमोजिमको कार्यसम्पादन सूचकको पालना र प्रगतिको आधारमा माशिक रुपमा प्रचलित शुरु तलव स्केलको शत प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलव्ध गराउन सकिनेछ ।

क) कार्यालय समयको पूर्ण परिपालना

ख) अनुशासन र आदेशको पालना

ग) नियमित पोशाक पहिरन तथा सरसफाई

घ) सेवा प्रवाहमा चुस्तता

ङ) मुस्कान सहित सेवाग्राहीमैत्री व्यवहार

च) कार्यविवरणको परिपालना

छ) मासिक/ चौमासिक/ वार्षिक प्रगती प्रतिवेदन

ज) भौतिक तथा अन्य वित्तीय प्रगति

झ) कार्यस्थलको व्यवस्थापन तथा सरसफाई

ञ) जिन्सी सामान र सरकारी सम्पतिको सुरक्षा र संभार

ट) मितव्ययीता र पारदर्शिता

**१४ पोशाक भत्ता**ः स्थानीय तहका कर्मचारीलाई प्रत्येक वर्षको चैत्र महिनामा पोशाक भत्ता वापत नेपाल सरकारका कर्मचारीले पाए सरहको रकम उपलब्ध गराइनेछ ।

